ईश्वरपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही

मधेश प्रदेश, नेपाल

फोन नं : ०४६-५७५००५
फ्याक्स नं : ०४६-५७५००५
website :
www.ishworpurmun.gov.np

प.सं. :- २०८१/०८२

च.नं. :-

## बयलवास बजारमा व्यावसायिक पसल सटर कोठा घर भाडा दिने सम्बन्धी सूचना

### छैठौं पटक प्रकाशित मिति २०८१।१२।२१

ईश्वरपुर नगरपालिका वडा नं. ६ स्थित बयलवास बजार महेन्द्र बजार लाई आधुनिकरण गरी व्यवस्थित गर्ने उदेश्यले नगर विकास कोषको रऋण लगानीमा मुख्य बजारको दक्षिण र दक्षिण पुर्व भागमा निर्माणाधिन २ तले व्यवसायिक भवन ब्लक A र ब्लक B को भुईतल्लामा रहेको ११ वटा र सोही भवनको माथिल्लो तलामा रहेका २४ वटा सहित जम्मा ३५ वटा पसल सटर घर देहायको शर्तहरु पालना गर्न मन्जुरी सहित प्रतिस्पर्धामा सबैभन्दा वढी मासिक भाडामा लिन इच्छुक व्यावसायीहरुलाई यो सुचना प्रकाशन भएको मितिले ३१औं दिन दिनको १२ वजेसम्म सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ।

<u>शर्तहरु</u>

१. यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समय भित्र यस कार्यलयबाट रु १,०००।- को सरिद काटी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिद गरेको दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२ वजेसम्म सिलबन्दी गरी खाम बाहिर पसल नं. प्रष्ट खुलाई यस कार्यालयमा छुट्टा छुट्टै दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा दर्ता गर्ने अन्तिम दिनको अपरान्ह १ वजे ईश्वरपुर नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. दरभाउत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश लगतै कार्यालय खुलेको दिन हुनेछ ।

[signature]

४. कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु उपर दरभाउपत्र दर्ता हुने अन्तिम मितिको भोलिपल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको सहीछाप नभएको म्याद नाघी पर्न आएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

५. प्रत्येक पसल सटर कोठा वापत देहाय अनुसारको घरभाडा शटर कोठा रकम सुरक्षण वापत दाखिला भएको रकम निजले भाडामा लिएको शटर कोठा कम्तीमा ३ बर्ष भाडामा प्रयोग गरी उत शटरकोठा छोडेको अवस्थामा मात्र फिर्ता हुनेछ। यसरी सुरक्षण वापत प्राप्त भएको रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ।

ब्लक A भुई तला

| कोठा नं. | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु |
|---|---|
| A 6 | 1,08,000।- |
| A 7 | 1,08,000।- |

ब्लक A माथिल्लो तला

| कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु |
|---|---|---|---|---|---|
| A 15 | 70,000।- | A 18 | 70,000।- | A 23 | 70,000।- |
| A 16 | 70,000।- | A 19 | 70,000।- | A 24 | 70,000।- |
| A 17 | 70,000।- | A 20 | 70,000।- | A 25 | 70,000।- |
| A 26 | 70,000।- | A 27 | 70,000।- | A 28 | 70,000।- |

ब्लक B भुई तला

| कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम |
|---|---|---|---|---|---|

| | रु | | रु | | रु |
|---|---|---|---|---|---|
| B 3 | 108,000।- | B 7 | 108,000।- | B 10 | 108,000।- |
| B 4 | 108,000।- | B 8 | 108,000।- | B 11 | 108,000।- |
| B 5 | 108,000।- | B 9 | 108,000।- | B 12 | 108,000।- |

ब्लक B माथिल्लो तला

| कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु | कोठा नं | घरभाडा सुरक्षण वापत न्यूनतम रकम रु |
|---|---|---|---|---|---|
| B 13 | 70,000।- | B 17 | 70,000।- | B 21 | 70,000।- |
| B 14 | 70,000।- | B 18 | 70,000।- | B 22 | 70,000।- |
| B 15 | 70,000।- | B 19 | 70,000।- | B 23 | 70,000।- |
| B 16 | 70,000।- | B 20 | 70,000।- | B 24 | 70,000।- |

६. सिलबन्दी दरभाउपत्रदाताले आफुले कबुल गरेको मासिक घरभाडाको कम्तीमा २ महिनाको हुने रकम यस नगरपालिकाको नेपाल बैंक लि शाखा ईश्वरपुर सर्लाहीमा रहेको धरौटी खाता नं १०९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा पचहत्तर दिन म्याद भएको बिडबण्डको सक्कल प्रति दरभाउपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ।

७. पसल सटर कोठाको न्यूनतम भाडा देहायअनुसार हुनेछ। तोकीएको न्यूनतम भाडा रकममा सबैभन्दा वढी कबोल गर्ने सिलवन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीको दरभाउपत्र स्वीकृत हुनेछ।

ब्लक A भुई तला

| कोठा नं. | न्यूनतम मासिक भाडा रकम रु |
|---|---|
| A 6 | 4,500।- |
| A 7 | 4,500।- |

ब्लक A माथिल्लो तला

| कोठा नं | न्यूनतमा मासिक भाडा रकम रु | कोठा नं | न्यूनतमा मासिक भाडा रकम रु | कोठा नं | न्यूनतम मासिक भाडा रकम रु |
|---|---|---|---|---|---|
| A 15 | 3,500 | A 19 | 3,500 | A 25 | 3,500 |
| A 16 | 3,500 | A 20 | 3,500 | A 26 | 3,500 |
| A 17 | 3,500 | A 23 | 3,500 | A 27 | 3,500 |
| A 18 | 3,500 | A 24 | 3,500 | A 28 | 3,500 |

ब्लक B भुई तला

| कोठा नं | न्यूनतम मासिक भाडा रकम रु | कोठा नं | न्यूनतम मासिक भाडा रकम रु | कोठा नं | न्यूनतम मासिक भाडा रकम रु |
|---|---|---|---|---|---|
| B 3 | 4,500।- | B 7 | 4,500।- | B 10 | 4,500।- |
| B 4 | 4,500।- | B 8 | 4,500।- | B 11 | 4,500।- |
| B 5 | 4,500।- | B 9 | 4,500।- | B 12 | 4,500।- |

ब्लक B माथिल्लो तला

| कोठा नं | न्यूनतम मासिक भाडा रकम रु | कोठा नं | न्यूनतम मासिक भाडा रकम रु | कोठा नं | न्यूनतम मासिक भाडा रकम रु |
|---|---|---|---|---|---|
| B 13 | 3500।- | B 17 | 3500।- | B 21 | 3500।- |
| B 14 | 3500।- | B 18 | 3500।- | B 22 | 3500।- |
| B 15 | 3500।- | B 19 | 3500।- | B 23 | 3500।- |
| B 16 | 3500।- | B 20 | 3500।- | B 24 | 3500।- |

८. सिलबन्दी दरभाउपत्रदाताले भरेको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएकोलाइ मान्यता दिइनेछ।

९. ईश्वरपुर नगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता गरेको र आ.व. २०८०।०८१ को व्यवसाय कर अग्रिम चुक्ता गरि २०८२ असार मसान्त सम्मकालागि व्यवसाय नविकरण गरेको व्यवसायीले मात्र दरभाउपत्र खरिद गरि सिलबन्दी दरभाउपत्र दर्ता गर्न पाउने छन्।

TER श्रेष्ठ

१०. एक व्यवसायीले वढीमा ४ वटा पसल सटर कोठा भाडामा लिन दरभाउपत्र खरिद गर्न सक्नेछन।तर माथिल्लो तलामा हल निर्माण गरी व्यवसाय संचालन गर्न चाहेमा आवश्यक वमोजिम सटर कोठा भाडामा लिन सकिनेछ।

११. कुनै व्यवसायीले दुई वटै ब्लक भवनको पुरै भवन एकमुष्ट भाडामा लिई नगरपालिकाले तोकेको न्यूनतम भाडामा वढीमा २० प्रतिशत लिई अरुलाई भाडामा लिन सक्नेछन। यस्तो भाडा लिने ब्यक्ति / संस्थालाई वार्षिक रकम अग्रिम बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ।

१२. कुनै व्यवसायीले एउटा मात्र ब्लक भवनको पुरै भवन एकमुष्ट भाडामा लिई नगरपालिकाले तोकेको न्यूनतम भाडामा वढीमा १५ प्रतिशत लिई अरुलाई भाडामा दिन सक्नेछ। यस्तो भाडा लिने व्यक्ति / संस्थालाई वार्षिक रकम अग्रिम बुझाएमा ५ प्रतिशतले हुने रकम छुट दिइनेछ।

१३. पसल सटर घर भाडा पहिलो ३ वर्षको अवधि पुगेपछि १५ प्रतिशतको दरले बृद्धि हुनेछ। त्यसपछि प्रत्येक ३ वर्षमा १० प्रतिशतको दरले वृद्धि हुनेछ।

१४. व्यवसायीले प्रत्येक २-२ महिनामा नगरपालिकालाई भाडा बुझाउनु पर्नेछ। वार्षिक एकुमष्ट अग्रिम भाडाको रकम बुझाउने व्यवसायीलाई ५ प्रतिशत छुट दिइनेछ ।

१५. विधुत मिटर जडान कार्य र विधुत महसुल रकम व्यावसायी स्वयंमले तिर्नु पर्नेछ यदि निजले सो कोठा भाडामा नवसि छोडी गएमा उक्त मिटर जडानको लागि भएको खर्च फिर्ता गरिनेछ र अर्को भाडामा बस्ने व्यवसायी / फर्मसंग त्यतिनै रकम लिई उक्त व्यवसायी / फर्मको नाममा नामसारी गरीनेछ। सरसफाई शुल्क समेत व्यवसायीले तिर्नु पर्नेछ।

१६. A र B ब्लक क्षेत्रमा पर्ने पसल सटर मासुजन्य र होटलजन्य व्यवसाय वाहेकका अन्य पसलहरु मात्र संचालन गर्नु पर्नेछ।

१७. सबैभन्दा वढी धरौटी रकम र मासिक भाडा कबोल गर्ने व्यवसायीको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ ।

१८. धरौटी रकम र मासिक भाडा कबोल अंक वरावर भएको अवस्थामा बजार क्षेत्रको सडक विस्तारको क्रममा क्षतिमा परेका व्यावसायीको सिलबन्दी दरभाउपत्र भएमा निजलाई प्राथमिकता दिईनेछ।

१९. घरभाडा सुरक्षण वापत राख्नु पर्ने उपरोक्त अनुसारको रकम सम्झौताको बखत व्यवसायीले एकमुष्ट बुझाउनु पर्नेछ।

२०. मासिक भाडामा बहाल कर लाग्नेछैन । तर व्यवसाय संचालन वापतको व्यवसाय कर नगरपालिकालाई नियमित बुझाउनु पर्नेछ।


२१. सिलबन्दी दरभाउपत्र स्वीकृत भएको १५ दिन भित्रमा सम्झौता गरी सक्नु पर्नेछ । अन्यथा पहिलो कबोलकर्ताको धरौटी जफत गरी दोस्रो कबोलकर्ताको दरभाउपत्र स्वीकृत गरि सम्झौता गरिनेछ । एवं रितले दोस्रो कबोलकर्ता नआएमा तेस्रो कबोलकर्तासंग सम्झौता गरिनेछ।

२२. आफुले सम्झौता गरेको पसल सटर घर दोस्रो पक्षलाई बेच्न पाईने छैन ।सम्झौताको अवधि ३ वर्ष पुरा नभई घरभाडा छोडने पाईने छैन।


२३. ३ बर्षको अबधि पछिं कोठा छोडनु पर्दा दुई महिनाको अग्रिम सूचना दिएर मात्र कोठा पाइने छ ।

२४. भाडामा लगाउने भवन र सटर कोठाको नक्शा संलग्न गरिएको छ ।

# BLOCK A





GROUND FLOOR PLAN
AREA: 253.00 SQ. M.





FIRST FLOOR PLAN
AREA:253.00 SQ. M.

# BLOCK B




GROUND FLOOR PLAN
AREA: 228.08 SQ. M.




FIRST FLOOR PLAN
AREA: 228.08 SQ. M.